नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

पत्र संख्या:-

चलानी नं.:-

फोन {४२००३०९ ४२००२८१

मिति : २०७४/०५/२३

## प्रेस विज्ञप्ति

नेपालको संविधान बमोजिम कायम भएका गाउँपालिका र नगरपालिकाको नाम वा केन्द्र परिवर्तन गर्नु परेमा पहिलो निर्वाचन भएको मितिले छ महिनाभित्र सम्बन्धित सभामा तत्काल कायम रहेको सदस्य संख्याको बहुमतबाट प्रस्ताव पारित गरी एक पटकको लागि गाउँपालिका वा नगरपालिकाको नाम वा केन्द्र हेरफेर गर्न नेपाल सरकारमा सिफारिश गरेमा नेपाल सरकारले सो सिफारिश बमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नाम वा केन्द्र हेरफेर गर्न सक्ने व्यवस्था रहेकोमा कतिपय स्थानीय तहबाट नेपाल सरकारको स्वीकृति विना नै नाम वा केन्द्र हेरफेर गरी लागु गरीसकेको भन्ने बुझिन आएको हुँदा स्थानीय सरकारको नाम वा केन्द्र हेरफेर जस्तो गम्भीर विषयमा नेपाल सरकारले स्वीकृत गरी राजपत्रमा सूचना प्रकाशन भएपछि मात्र उक्त प्रस्ताव कार्यान्वयन गर्नुहुन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछ ।

(रुद्रसिंह तामाङ)

सह सचिव एवं प्रवक्ता

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय